# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, मार्ग २० गते २०६५ साल (अतिरिक्तांक ३८क

## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री लिभिङ्ग स्टोन एकेडेमीको लागि असहाय गरिब विद्यार्थीलाई शैक्षिक योगदानमा सहयोग पुर्‍याउने थियोलोजिकल बुक नेटवर्क ग्राण्डमिल संयुक्त राष्ट्र अमेरिकाबाट अनुदान सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर २,१४४.२८ (दुई हजार एक सय चवालीस, सेण्ट अट्ठाईस) मूल्य बराबरको पुस्तकहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना–२

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, लगनखेलको लागि Friends of Patan Hospital, USA बाट अनुदान स्वरुप प्रदान गरिने तपसिलमा उल्लिखित अस्पताल सामाग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| सि.नं. | सामानको नाम | मूल्य |
|---|---|---|
| 1. | Ultrasound Machine | JPY 29,13,138/- |
| 2. | Medical Equipment | US$ 6,272/- |
| 3. | Complete Versaiab APM 2 | US$ 9,215/- |
| 4. | Suction Head F. Vacuum Extraction | Euro 750/- |
| 5. | Silent Generator | US$ 72,000/- |
| 6. | Autoclave Large Size | US$ 23,000/- |
| 7. | Radiant Warmer+Incubator | Euro 23,566/- |
| 8. | Infusion Pump+Syringe Pump | Euro 7,384/- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

**सूचना–३**

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ज्ञानोदय मा.वि., वाफल, काठमाडौंको लागि भारतीय राजदूतावासबाट सहयोग स्वरुप प्रदान गरिने भा.रु.६,७५,०००.०० (छ लाख पचहत्तर हजार) मूल्य बराबरको ३२+१ सिट क्षमताको Eicher बस आयात गर्दा भन्सार महशुल, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क तथा स्थानिय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना–४**

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी Leprosy Mission, Nepal नामको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित कुष्ठरोग सम्बन्धी कार्यक्रमको लागि The Leprosy Mission, Northern Ireland बाट उपहार स्वरुप प्रदान गरिने स्टर्लिङ पाउण्ड २१०.०० (दुई सय दस) मूल्य बराबरको Blankets, Bandages, Dressing, Children Cloths, Toys सामाग्रिहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना–५**

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी अखिल नेपाल फुटवल संघको लागि जापान फुटवल संघबाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५०५.०० (पाँच सय पाँच) मूल्य बराबरको १०० (सय) थान फुटवल र १० (दस) थान हावा हाल्ने एयर पम्प आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना–६**

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी Tilganga Eye Centre को लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने यूरो ९५,२००.०० (पन्चान्नब्वे हजार दुई सय) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने मेडिकल सामाग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना–७**

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दलित महिला उत्थान केन्द्र, बाल शिक्षालय नामको गैह्र सरकारी संस्थाको लागि जर्मनीका समाजसेवीहरुबाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १,३००.९५ (एक हजार तीन सय, सेन्ट पन्चान्नब्वे) मूल्य बराबरको लत्ता कपडा तथा मिठाईजन्य सामाग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानिय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना–८**

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको लागि जापान सरकारबाट अनुदान स्वरुप प्रदान गरिने जापानी यान ४०,००००००.०० (चालीस करोड) मूल्य बराबरको चामल ३० के.जि.को जुट प्याकिंग वोरा थान २,०७,७०३ र पि.पि. प्लाष्टिक वोरा ३०,२७७ थान गरी जम्मा ७१३९.४०० मेट्रिक टन चामल तथा खालि वोरा थान २,५०० मा लाग्ने भन्सार महशुल, मूल्य अभिवृद्धि कर, स्थानीय विकास शुल्क आदि सबै कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

924

**सूचना–९**

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं स्थित भारतीय दूतावासले कुटनैतिक सुविधामा आयात गरी उक्त दूतावासको नाममा दर्ता भएको चार पाङ्ग्रे Scooter, सन् १९८९ मा Mine Blast मा परि अपाङ्ग भएका भारतीय गोर्खा राईफलका नेपाली नागरिक श्री रेशम बहादुर थापालाई राहतस्वरुप नि:शुल्क प्रदान गर्ने भएकोले उक्त Scooter भारतीय राजदूतावासको नामबाट निज रेशम बहादुर थापाको नाममा नामसारी गर्दा लाग्ने भन्सार महसुल लगायत सम्पूर्ण कर, शुल्क पुरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना – १०

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी The Adventist Development and Relief Agency (ADRA) नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था द्वारा बाढी पिडितहरुको लागि संचालित स्वास्थ्य शिविरका लागि Direct Relief International, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५९,३९२.५९ (उनान्साठी हजार तीन सय बयानव्बे, सेण्ट उनान्साठी) मूल्य बराबरको स्वास्थ्य सामाग्रिहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना – ११

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी जनस्वास्थ्य सरोकार ट्रष्टबाट सञ्चालित काठमाडौं मोडेल अस्पतालको लागि Medshare International, USA. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ८,४८१.०० (आठ हजार चार सय एकासी) मूल्य बराबरको मेडिकल सामानहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना – १२

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल द्वारा संचालित कार्यक्रमको लागि International Health Partners, UK बाट उपहार स्वरुप प्रदान गरिने स्टर्लिङ पाउण्ड ५६,५८४.९८ (छपन्न हजार पाँच सय चौरासी, पेन्स अन्ठान्नब्वे) मूल्य बराबरको मानसिक विरामीको लागि प्रयोग हुने Sertraline औषधीहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना – १३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र नामको गैर सरकारी संस्थाले Terre Des Hommes बाट खरिद गर्ने युरो १,७७५.२० (एक हजार सार्ते सय पचहत्तर, सेण्ट बीस) मूल्य बराबरको कृत्रिम हातखुट्टा निर्माण उपकरणहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

925

## सूचना – १४

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आर्देशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी सेभ द् चिल्ड्रेन यु.एस.ए. नामक गैर सरकारी संस्था द्वारा कैलाली, कञ्चनपुर, बर्दिया र सिरहा जिल्लामा सञ्चालित स्वास्थ्य र पोषण कार्यक्रमको लागि Vitminagel, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ९,९९०.००(नौ हजार नौ सय नब्बे) मूल्य बराबरको Albendazole 3,33,000 Tablets औषधी आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**सूचना–१५**

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको लागि संयुक्त राज्य अमेरिकाको Pfizer कम्पनीबाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ७४,३२८.०० (चौहत्तर हजार तीन सय अठ्ठाइस) मूल्य बराबरको Sutent नामको क्यान्सर रोगको औषधी आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर लगायतका कर, शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना–१६**

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी रोल्पा जिल्ला स्थित जन नमूना हस्पिटलको लागि दक्षिण कोरियास्थित ओसियन कम्पनीका प्रबन्धक श्री किम वो योङबाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ६,७५०.०० (छ हजार सात सय पचास) मूल्य बराबरको १०(दस) थान सामसुङ्ग कम्प्युटर आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर लगायत कर तथा शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना –१७**

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी रेडियो नेपाल र नेपाल टेलिभिजनले प्रसारण उपकरण प्रतिस्थापन तथा प्रसारण विस्तार एवं सुदृढीकरणका लागि अमेरिकी डलर ७,१५,०००.०० (सात लाख पन्ध्र हजार) मूल्य बराबरको आवश्यक उपकरणहरु हङ्गकङ्ग तथा चीनबाट आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**सूचना-१८**

नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०६५।८।२० को निर्णयानुसार संवत् २०६५ साल पुष १ गते देखि लागू हुने गरी जग्गाको लागि तीस लाख रुपैयाँ भन्दा बढी मूल्यको, घर जग्गाको लागि पचास लाख रुपैयाँ भन्दा बढी मूल्यको र मोटरको लागि बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको खरिदमा आयस्रोत खुलाउनु पर्ने व्यवस्था गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,
भेषराज शर्मा
सह सचिव

926



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–

अधिकारीकृत मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
गो.द.द.नं. ५६।०६२।६३